नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि सूचना तथा प्रशिक्षण केन्द्र

हरिहरभवन, ललितपुर

दर्ता नं- १०६
मिति: २०८०।०६।०८

पत्र संख्या: ०८०/८१
च.न. ९५८

मिति:२०८०।०६।०८

विषय: किसान कल सेन्टरको सुविधा उपयोग गर्ने र गर्न लगाउने बारे ।

श्री कृषि ज्ञान केन्द्र सबै
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सबै

उपरोक्त विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ललितपुरबाट कार्यालय खुलेको दिनको ११:०० बजे देखी ४:०० बजे (शुक्रवार ३:०० बजे सम्म) निम्न विषयहरुमा कृषकहरुको जिज्ञासा र समस्याहरुलाइ लक्षित गरि किसान कल सेन्टर नियमित रुपमा संचालनमा रहेको व्योहोरा अनुरोध गरिन्छ । यसै सन्दर्भमा तहाँ जिल्ला अन्तरगतका आम कृषकहरु पनि यस कल सेन्टरबाट प्राप्त हुने प्राविधिक सेवाबाट लाभान्वित हुन सक्ने भएकोले, कल सेन्टरको पैसा नलाग्ने नेपाल टेलिकम्युनिकेसनको टोल फ्रि नं १६६००१६५००० मा सम्पर्क गर्न र गर्न लगाउनुहुन केन्द्रको तर्फबाट प्रचार प्रसार गरिदिनको लागी अनुरोध छ ।

| | |
|---|---|
| पशुपंछी सम्बन्धी | आइतवार मंगलवार र विहिवार |
| मत्स्यपालन सम्बन्धी | सोमवार र शुक्रवार |
| अन्नबाली, दलहन, तेलहन, बागवानीजन्य<br>बालीहरू, नगदेबाली, बाली संरक्षण सम्बन्धी,<br>मौरी, च्याउ, रेशमखेती, माटो, बिमा... आदि | आइतवार देखी शुक्रवारसम्म कार्यालय खुलेको दिन । |

२०८०/०६/०८

प्रकाश कुमार सन्जेल
प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
Mob. 9852880500/9852880501
033-520605

प.सं.०८०/०८१
च.नं. ६४

मितिः २०८०/०६/०९

विषयः किसान कल सेन्टरको सुविधा उपयोग गर्ने र गर्न लगाउने सम्वन्धमा ।

श्री स्थानीय तह सबै,
(कृषि विकास शाखा),
सिरहा ।

उपरोक्त विषयमा कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुरको च.न.१५८ मिति २०८०/०६/०८ गतेको पत्र यसै पत्र साँथ संलग्न राखी पठाएको छ । उक्त पत्रानुसार कार्यालय खुलेको दिनको ११.० बजे देखी ४.० बजे (शुक्रवार ३.० बजे सम्म) कृषि सँग सम्वन्धित जिज्ञासा र समस्याहरुलाई लक्षित गँरि किसान कल सेन्टर मार्फत नियमित रुपमा प्राविधिक सेवा प्रदान गर्दै आइरहेकोले तहाँ पालिकामा रहेको कृषकहरुमा आइपरेका समस्याहरुलाई नेपाल टेलिकम्युनिकेसनको टोल फ्रि न. १६६००१९५००० मा सम्पर्क गर्न वा गर्न लगाउनु हुनका लागि अनुरोध छ ।

बोधार्थ:
श्री कृषि सूचना तथा प्रशिक्षण केन्द्र,
हरिहर भवन, ललितपुर ।

..............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह

मिर्चैया नगरपालिका
दर्ता नं. १३८६
मिति २०८०/०६/१२